आज मिति २०७८।०५।१६ गते बुधवार दिउसो १:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा बैठक बस्यो ।

**तपशिल**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | अनुपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | अनुपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | उपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | अनुपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | अनुपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | अनुपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजन कुमारी राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री प्रदिप शाह | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | महेन्द्र खड्का | अधिकृतस्तर सातौ | उपस्थित |
| २ | कुमार पौडेल | सूचना प्र.अधिकृत | उपस्थित |

## प्रस्तावहरु

१. छानविन समितिको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०७६/०७७ को स्थानीय तह स्वमूल्याङ्कन प्रतिवेदन सम्बन्धमा ।
३. क्रमागत योजनाहरुको भूक्तानी सम्बन्धमा ।
४. विशेष अनुदान तर्फको विद्यालय निर्माणको भूक्तानी सम्बन्धमा ।
५. कोभिड व्यवस्थापनको गाडी भाडा भूक्तानी सम्बन्धमा ।
६. चालु आ.व.को वार्षिक खरिद योजना तर्जुमा मस्यौदा समिति गठन सम्बन्धमा ।
७. संस्था दर्ता सम्बन्धमा ।
८. बसपार्क छेउमा बजार तथा सपिङ्ग कम्प्लेक्सको माटो व्यवस्थापन सम्बन्धा ।
९. एम्बुलेन्स संचालन सम्बन्धमा ।
१०. नगरको दररेट सम्बन्धमा ।
११. नक्शा अभिलेखिकरण सम्बन्धमा ।
१२. विद्यालय संचालन सम्बन्धमा ।
१३. सेवा करार कर्मचारी म्याद थप सम्बन्धमा ।
१४. विविध

बागदेवी सामुदायिक वन उपभोक्ता समुहको कार्यालय व्यवस्थापन सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं.१ः** नगर कार्यपालिकाको मिति २०७८।०२।३१ को निर्णयानुसार बोयर बाख्रा खरिद र वितरण सम्बन्धमा छानविन गर्न गठित छानविन समितिले मिति २०७८।०५।०६ मा पेश गरेको बोयर बोका बाख्रा छानविन सम्बन्धी प्रतिवेदन, २०७८ को सम्बन्धमा प्राप्त प्रतिवेदन खोली कार्यालयबाट आवश्यक अध्ययन गरि मिति २०७८।०५।२० गते आईतवार विहान ११:०० बजे बस्ने कार्यपालिकाको वैठकबाट सार्वजानिकीकरण गर्ने र छानविन समितिलाई धन्यवाद दिदै आजैका मिति देखि समिति विघटन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ः** स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ बमोजिम बेलबारी नगरपालिकाको आ.व. २०७६/०७७ को प्रतिवेदनका सूचकगत रुपमा छलफल गरियो साथै मूल्याङ्कनको आधारमा कुल १०० अंकमा ४९ दशमलव ७५ अंक प्राप्त भएकोमा उक्त प्रतिवेदन स्वीकृत गरि सार्वजानिक गर्ने साथै कमजोर सूचकहरुको आवश्यक सुधारको लागि कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ः** गत आ.व.मा संचालित क्रमागत योजनाहरु सम्पन्न भई पेश भएमा भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ः** गत आ.व.मा विशेष अनुदानबाट संचालित जनता मा.वि. नक्सल बेलबारी-१ र जनता मा.वि. राधानगर बेलबारी-८ को योजनाहरुको अख्तियारी बमोजिमको रकम निकासा नभएको हुदाँ भूक्तानी हुन बाँकी तपशिल बमोजिमको रकम समपूरक कोषबाट भूक्तानी गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | योजनाको नाम | संझौता रकम रु. | भूक्तानी भएको रु. | भूक्तानी हुन बाकी रु. |
|---|---|---|---|---|
| १ | जनता मा.वि. नक्सल बेलबारी-१ | ३४,२९,३२७।३१ | ७,८७,३४८।२८ | २६,४१,९७९।०३ |
| २ | जनता मा.वि.राधानगर बेलबारी-८ | ३३,२६,८६९।५६ | ९,३९,६७१।२१ | २३,८७,१९८।३५ |

**निर्णय नं.५:** कोरोना रोकथाम तथा नियन्त्रण बेलबारी नगर समन्वय समितिको मिति २०७८ श्रावण १८ र २४ गतेको निर्णयानुसार मिति २०७८ श्रावण १९ देखि ३१ सम्म भएको बन्दाबन्दीको समयमा शसस्त्र वेश क्याप लक्ष्मीमार्ग र बाहुनीले गाडी भाडामा लिई शान्ति सुरक्षा व्यवस्थापनमा प्रयोग गरे वापतको भाडा रकम नगरपालिकाबाट भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** चालु आ.व.को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको वार्षिक खरिद योजना मस्यौदा तयारीको लागि देहाय बमोजिमको समिति गठन गरियो ।

**तपशिल**

संयोजकः प्रमुख प्र.अ. श्री प्रदिप शाह

सदस्यः सामान्य प्रशासन शाखा प्रमुख

सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख

सदस्यः शिक्षा शाखा एलिना बस्नेत

सदस्यः योजना तथा तथ्याङ्क शाखा प्रमुख

सदस्यः शहरी पूर्वाधार विकास शाखा प्रमुख

**निर्णय नं.७:** संस्था दर्ताको लागि प्रक्रियागत रुपमा पेश भएका तपशिल बमोजिमका प्राप्त निवेदनहरु संस्था दर्ता ऐन २०७६ को दफा ४ बमोजिम स्वीकृत गरि संस्था दर्ता गर्ने निर्णय र राष्ट्रिय संस्कृति संरक्षण तथा सामाजिक, धार्मिक विकास मातृभूमि काठमाण्डौमा दर्ता नं. ४१६ मिति २०७५।११।१४ मा दर्ता भई उक्त संस्थाको विधान बमोजिम बेलबारी नगरपालिकाको वडा नं. ११ मा शाखा कार्यालय खोल्न अनुमति माग गरेको हुदाँ संस्था दर्ता ऐन २०७६ को दफा ७ बमोजिम उक्त संस्थाको शाखा खोल्न अनुमित दिने निर्णय गरियो ।

**तपशिल**

- नेपाल मगर लाङघाली बुद्ध गुम्बा संघ, बेलबारी- १०
- श्री सिंहमाई मच्छिन्द्र देवी मन्दिर, बेलबारी-२
- लालभित्ती फुटवल क्लब, बेलबारी-२
- उद्यमी महिला विकास समुह, बेलबारी-१
- सिसौली भजन किर्तन मण्डली समुह, बेलबारी-१
- दलित वर्ग उत्थान समिति, बेलबारी-१
- बाल विकास तथा बाल सहयोग केन्द्र लालभित्ती, बेलबारी-२

**निर्णय नं.८:** सपिङ्ग कम्प्लेक्सको माटोको व्यवस्थापनका लागि नयाँ नगरपालिकाको कम्पाण्ड पुर्न, बसपार्क छेउमा बजार व्यवस्थापनको लागि माटो पुर्न र लोहन्द्रा खोला नियन्त्रणको लागि प्रयोग गरिएको जेसिबीको खर्च भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** कोभिड संक्रमणको महामारीमा नगरवासीलाई सहज रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराउन तिन खुटिया युवा कल्ब र भागवत धर्म बाहुनी संस्थाले पुर्याएको सहयोगका लागि धन्यवाद दिदै आगामी दिनमा समेत सहयोग जारी रहने अपेक्षा राख्दै उक्त एम्बुलेन्स मिति २०७८।०५।१७ देखि बाट लागू हुने गरि फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** बेलबारी नगरपालिकाको न्यूनतम दररेट निर्धारण समितिको मिति २०७८।०३।११ गतेको सिफारिस बमोजिम चालु आ.व. २०७८/०७९ को नगरस्तरिय दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** बेलबारी नगरपालिका घोषणा हुनु पुर्व प्रचलित कानून बमोजिम नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरि बनाएको भवनको हकमा अन्तिम पटकको लागी सार्वजानिक सूचना जारी गरि अभिलेखिकरणको लागि आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** नगर शिक्षा समितिको मिति २०७८।०५।१६ को सिफारिस बमोजिम तोकिएको स्वास्थ्य मापदण्ड पुरा गरि नगर क्षेत्रभित्रको विद्यालय शैक्षिक संस्था पुनः संचालन गर्न गराउन भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** नगरपालिकामा सेवा करारमा कार्यरत विभिन्न सेवा समुहका तपशिल बमोजिमका कर्मचारीहरुको चालु आ.व. २०७८/०७९ को २०७८ श्रावण देखि पौष मसान्तसम्मको लागि सेवा करार नवीकरण गरि कामकाज गराउने निर्णय गरियो ।

**<u>तपशिल</u>**

**निर्णय नं.१४: विविध**

कोभिड-१९ को महामारीको लागि आईसोलेशन केन्द्रको लागि बागदेवी सामुदायिक वन उपभोक्ता समुह बेलबारी-२ को भवन नगरपालिकाले प्रयोग गरिरहेको हुदाँ उक्त वन उपभोक्ता समुहको मिति २०७८।०५।१६ को माग निवेदन बमोजिम अलग्गै कोठा भाडा लगायत कार्यालय व्यवस्थापनको लागी रकम आवश्यक भएकोले सो वापतको मासिक रु. ५०००।०० खर्च व्यवस्थापनको लागि अनुरोध भई आएको हुदाँ कोभिड-१९ को आईसोलेशन केन्द्र संचालन भईन्जेलसम्मको लागि उक्त वन उपभोक्ता समुहलाई २०७८ भाद्र १७ गते देखि लागू हुने गरि सो वापतको रकम भूक्तानी गर्ने निर्णय गरियो ।